# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## आठौं वार्षिक साधारणसभा

## काम कारवाहीको विवरण (माइन्यूट)

(१) **वैधानिक सभा**

कम्पनी ऐन, २०६३ र बैंकको नियमावली बमोजिम बैंकको आठौं वार्षिक साधारणसभा सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेलज्यूको अध्यक्षतामा निम्न उल्लेखित मिति, समय र स्थानमा बसी देहायका विषयहरु उपर छलफल गरी देहाय बमोजिमको निर्णयहरु गरियो ।

(२) **सभाको मिति, स्थान र समय :**

मिति : २०७३ साल मंसिर २९ गते बुधबार (१४ डिसेम्बर, २०१६) ।

स्थान : अम्रपाली कटेज एण्ड रेष्टुरेन्ट प्रा.लि., बुटवल, रुपन्देही ।

समय : विहान ११ : ३० बजे ।

(३) **सभाको सूचना जारी**

(क) यस बैंकको मिति २०७३ मंसिर ५ गतेका दिन बसेको सञ्चालक समितिको १५२औं बैठकले निर्णय गरे बमोजिम बैंकको आठौं बार्षिक साधारणसभा सम्बन्धी सूचना कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम १८ को उपनियम (३) अनुसार मिति २०७३ साल मंसिर ६ गतेको अन्नपूर्ण पोष्ट (राष्ट्रिय दैनिक) र मंसिर १० गतेको कारोबार (राष्ट्रिय दैनिक) पत्रिकामा गरी २ पटक सूचना प्रकाशित गरिएको ।

(ख) कम्पनी ऐन, २०६३ को दफा १०९ बमोजिम बार्षिक प्रतिवेदन, बैंकको वित्तीय विवरणहरु सम्बन्धित शेयरधनीहरुको ठेगानामा आठौं वार्षिक साधारणसभा बस्ने बारेको सूचना साथ संलग्न गरी पठाइएको ।

(ग) कम्पनी ऐन, २०६३ को दफा ७९ बमोजिम साधारण सभामा छलफल गरिने वार्षिक आर्थिक विवरण, सञ्चालक समितिको वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन, कम्पनी ऐनको दफा ७८ बमोजिम तयार गरिएको प्रतिवेदन र सभामा छलफल हुने प्रस्तावहरु सभा हुनुभन्दा २१ (एक्काइस) दिन अगावै तयार गरी बैंकको केन्द्रीय कार्यालयमा शेयरधनीहरुले निरीक्षण गर्न पाउने व्यवस्था गरिएको ।

(४) **सभामा प्रस्तुत छलफलका विषयहरु**

(क) **सामान्य प्रस्तावहरु**

१. आ.ब. २०७२/०७३ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव र सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु पारित गर्ने ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७३/०७४ को लागि लेखापरीक्षकको नियुक्ती र निजको पारिश्रमिक निर्धारण गर्ने ।

४. बैंकको सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने "क" समूहवाट ५ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने "ख" समूहवाट ३ जना सञ्चालक हरुको निर्वाचन गर्ने ।

(ख) **विशेष प्रस्तावहरु**

१. आ.ब. २०७२/०७३ को लागि सञ्चालक समितिले प्रस्ताव गरेबमोजिम चुक्ता पूँजीको २७ प्रतिशत ले हुने रु. २३,४४,७३,२०८/- (अक्षरेपी तेईस करोड चवालिस लाख त्रिहत्तर हजार दुई सय आठ मात्र) बोनश शेयर वितरण गर्न स्वीकृत गर्ने ।

२. बैंकको अधिकृत, जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

३. प्रवन्ध-पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

४. बैंकको प्रबन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न लगायतका कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

५. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती/समाहित (एक्वजिशन) संग सम्बन्धित आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

(ग) **विविध**

## (५) सभामा उपस्थिति

### ५.१ सञ्चालकहरुको उपस्थिति

| | | | |
|---|---|---|---|
| १. | श्री थानेश्वर पौडेल | अध्यक्ष | उपस्थित |
| २. | श्री राजेन्द्रप्रसाद श्रेष्ठ | सञ्चालक | उपस्थित |
| ३. | श्री भुवन भण्डारी | सञ्चालक | उपस्थित |
| ४. | श्री कृष्णप्रसाद भण्डारी | सञ्चालक | उपस्थित |
| ५. | श्री मेघराज कक्षपति | सञ्चालक | उपस्थित |
| ६. | श्री मोहन चापागाई | सञ्चालक | उपस्थित |
| ७. | श्री डिल्लीराज भुसाल | सञ्चालक | उपस्थित |
| ८. | श्री गोपालप्रसाद पाण्डे | सञ्चालक | उपस्थित |

### ५.२ पर्यवेक्षक तथा आमन्त्रितको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री कविन्द्रध्वज जोशी | नायव महाप्रवन्धक, एनआइबिएल क्यापिटल मार्केट्स |
| २. | श्री भिमसेन बञ्जारा (अधिवक्ता) | कानूनी सल्लाहकार, कमन ल फर्म, काठमाण्डौं |
| ३. | श्री विनोद गौतम (अधिवक्ता) | निर्वाचन अधिकृत |

### ५.३ बैंक पदाधिकारीहरुको उपस्थिति

| | | |
|---|---|---|
| १. | श्री प्रकाश पौडेल | प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव |
| २. | श्री सार्जन भट्टराई | नायव महाप्रवन्धक |
| ३. | श्री हुमनाथ ज्ञवाली | प्रवन्धक |
| ४. | श्री यशोधन पाण्डेय | प्रवन्धक |
| ५. | श्री भुवन प्रसाद पन्थ | सहायक प्रवन्धक |
| ६. | श्री किरणप्रसाद शर्मा नेपाल | सहायक प्रवन्धक |
| ७. | श्री गोपाल खनाल | बरिष्ठ अधिकृत |
| ८. | श्री बुद्धि जीवन भुसाल | बरिष्ठ अधिकृत |
| ९. | श्री मित्रमणी पोखरेल | बरिष्ठ अधिकृत |
| १०. | श्री राजेश गौतम | बरिष्ठ अधिकृत |
| ११. | श्री देवी प्रसाद पौडेल | अधिकृत |
| १२. | श्री लेखनाथ पौडेल | अधिकृत |

## ५.४ शेयरधनीहरुको उपस्थिति

१. संस्थापक शेयरधनीहरुको तर्फबाट स्वयं उपस्थित ५१ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या २९,२७,८९७ र प्रतिनिधी (प्रोक्सी) दिने ५२ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या २३,२९,३८३ गरी कुल १०३ जना शेयरधनीहरुबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या ५२,५७,२८० कित्ता ।

२. सर्वसाधारण शेयरधनीहरुको तर्फबाट स्वयं उपस्थित ११० जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या ३,१४,७८१ र प्रोक्सी दिने १२९ जनाबाट प्रतिनिधित्व भएको शेयर संख्या २,७८,११९ गरी कुल २३९ जना शेयरधनीबाट प्रतिनिधित्व भएको कुल शेयर संख्या ५,९२,९०० कित्ता ।

३. कुल उपस्थित शेयर संख्या ५८,५०,१८० कित्ता ।

४. शेयरको कुल उपस्थिति प्रतिशत ६७.३७ प्रतिशत ।

## (६) सभाको गणपूरक संख्या

| विवरण | उपस्थित जम्मा शेयर संख्या | स्वयम् उपस्थिति | प्रतिनिधि मार्फत उपस्थिति | शेयरधनीको उपस्थिति संख्या | शेयरको कुल उपस्थिति प्रतिशत |
|---|---|---|---|---|---|
| बाँडफाँड भएको कुल शेयर संख्या ८६,८४,१९०.९२ | ५८,५०,१८० | १६१ | १८१ | ३४२ | ६७.३७ % |

कम्पनीको कुल शेयर ८६,८४,१९०.९२ कित्ता मध्ये ३२,४२,६७८ शेयर कित्ताका १६१ जना शेयरधनीहरु स्वयं उपस्थित हुनु भएको र २६,०७,५०२ शेयर कित्ताका १८१ जना शेयरधनीहरु प्रतिनिधि (प्रोक्सी) मार्फत उपस्थित हुनु भई कुल शेयरको ६७.३७ प्रतिशतको प्रतिनिधित्व रहेको जानकारी सभालाई कम्पनी सचिवले गराउनु भयो ।

## (७) सभाको वैधानिकता

सभा सञ्चालनका लागि कम्पनी ऐन, २०६३ को दफा ७३ को उपदफा (२) तथा बैंकको नियमावलीको नियम २३ बमोजिम बाँडफाँड भएको कुल शेयर संख्याको ५० प्रतिशत भन्दा बढी शेयरको प्रतिनिधित्व हुने गरी कुल शेयरधनीहरु मध्ये कम्तीमा तीनजना शेयरधनीहरु स्वयं उपस्थिति हुनुपर्ने प्रावधान अनुसार अपरान्ह ११:३० बजेसम्म कूल शेयर संख्या ८६,८४,१९०.९२ कित्ताको ५८,५०,१८० शेयर अर्थात ६७.३७ प्रतिशत शेयरको प्रतिनिधित्व गर्ने तीनजना भन्दा बढी शेयरधनीहरुको उपस्थिति भई साधारण सभाको गणपूरक संख्या पुगेको कुरा कम्पनी सचिवले सभालाई अवगत गराउँदै सभा संचालन गर्न प्रचलित ऐन, कानून बमोजिम सभा बैधानिक रहेको कुरा जानकारी गराउनु भयो । सभा प्रारम्भ भई समापन नहुँदा सम्मको हाजिरी अभिलेख अनुसार माथि तालिकामा उल्लिखित संख्याको शेयर तथा शेयरधनीहरुको प्रतिनिधित्व सभामा रहेको थियो ।

(८) **सभाको अध्यक्षता**

कम्पनी ऐन, २०६३ को दफा ७४ को उपदफा (१) अनुसार साधारणसभाको अध्यक्षता सञ्चालक समितिका अध्यक्ष ज्यूबाट हुने भएकोले कम्पनी सचिवले सञ्चालक समितिका अध्यक्ष श्री थानेश्वर पौडेल ज्यूलाई सभाको अध्यक्षता गरी दिन आग्रह भए बमोजिम वहाँले अध्यक्षताको आसन ग्रहण गर्नुभयो । साथै, सञ्चालक समितिका सदस्यज्यूहरु, संस्थापक तथा सर्वसाधारण शेयरधनी, बैंकका पदाधिकारीहरु सबैलाई आ-आफ्नो स्थानबाट आसन ग्रहण गरिदिन कम्पनी सचिवले अनुरोध गरे बमोजिम वहाँहरुले समेत आसन ग्रहण गर्नुभयो ।

(९) **आठौं वार्षिक साधारणसभामा सञ्चालक समितिको प्रतिवेदन तथा अन्य प्रस्तावहरुको प्रस्तुती**

९.१ **आठौं वार्षिक प्रतिवेदन प्रस्तुती**

सभाका अध्यक्षज्यूले उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई स्वागत एवं अभिबादन गर्दै पूर्व निर्धारित छलफलको बिषय-सूची अनुसार आर्थिक बर्ष २०७२/०७३ को सञ्चालक समितिको प्रतिबेदन छलफल गरी निर्णयार्थका लागि सभा समक्ष पेश गर्नुभयो ।

९.२ **लेखापरीक्षण प्रतिवेदनको प्रस्तुती**

अध्यक्षज्यूले सभा समक्ष लेखापरीक्षकको प्रतिबेदन सहित मिति २०७३ आषाढ मसान्त सम्मको रु. ९,७५,९१,६४,३५२/०७ को पूँजी तथा दायित्व र सम्पत्ति भएको वासलात, रु. ४२,६५,१५,२२४/१२ सम्पूर्ण कारोवार समावेश पछिको खुद मुनाफा रहेको २०७२/०७३ को नाफा-नोक्सान हिसाव, कर्मचारी बोनश वापत व्यवस्था रु.३,८७,७४,१११/००, आयकर वापत व्यवस्था रु.११,८०,९६,८६७/६६, खुद मुनाफा रु.२६,९६,४४,२४५/४६ तथा साधारण जगेडा कोष बापत रु. ५,३९,२८,८४९/- छुट्याईएको र गत आर्थिक बर्षको संचित मुनाफा, पूंजीगत जगेडाकोषवाट प्राप्त रकम, शेयर प्रिमियमवाट संकलित रकम समेत जोडी रु. २३ करोड ४४ लाख ७३ हजार २ सय ८ बरावरको बोनस शेयर प्रयोजनलाई छुट्टयाएपछिको संचित मुनाफा रु. १,०८,३९,८००/३९ वासलातमा सारिएको तथा अन्तिम नगद तथा बैंक मौज्दात रु. ७६,६३,७३,४२८/६९ भएको नगदप्रवाह विवरण तथा सम्पूर्ण अनुसूचीहरु छलफल गरी पारीत गर्नका लागि सभा समक्ष प्रस्तुत गर्नुभयो ।

(१०) **छलफलको लागि आव्हान**

साधारणसभामा शेयरधनीहरुले निर्धारित विषय-सूची उपर छलफल गर्न सक्ने व्यवस्था कम्पनी ऐन, २०६३ को दफा ६७ को उपदफा (६) मा भएअनुरुप अध्यक्षज्यूको अनुमतिले कम्पनी सचिवले सञ्चालक समितिको आठौं वार्षिक प्रतिवेदन, लेखापरीक्षकको प्रतिवेदन सहित आ.व. २०७२/०७३ को वासलात, नाफा-नोक्सान हिसाव, नगदप्रवाह बिवरण, अनुसूचीहरु तथा सभामा प्रस्तुत विषयहरुमा छलफलका लागि आ-आफ्नो मन्तव्य, विचार, जिज्ञासा तथा सुझावहरु राख्न चाहने शेयरधनी महानुभावहरुलाई क्रमैसंग सहभागी हुन अनुरोध गर्नुभयो ।

(११) **छलफलमा सहभागी हुने शेयरधनी महानुभावहरुले सामूहिक रुपमा व्यक्त गर्नु भएका मन्तव्य**

सभामा देहाय बमोजिमका शेयरधनीहरुले देहाय बमोजिमको जिज्ञासा तथा सुझावहरु राख्नु भएको थियो

**११.१ श्री श्रीकृष्ण पोखरेल (संस्थापक शेयरधनी)**

नेपालको बैंकिङ्ग क्षेत्रमा यस बैंकले आफ्नो बेग्लै पहिचान बनाएको, सम्पूर्ण स्टेकहोल्डर्सको हितमा कार्य गर्न सफल भएको र बैंकलाई अझ बढी सवल र सक्षम बनाउन सञ्चालक समितिको ध्यानाकर्षण गराउँदै आगामी कार्यकालको सफलताको शुभकामना व्यक्त गर्नुभयो ।

**११.२ श्री गणेशचन्द्र पोखरेल (संस्थापक शेयरधनी)**

बैंकको वित्तीय सूचाकांकहरु अत्यन्त उत्साहप्रद रहेको र भविष्यमा समेत सोको निरन्तरताका लागी सञ्चालक समिति रणनैतीक रुपमा अगाडी बढ्नु पर्ने सुझाव दिनुभयो ।

**११.३ डिल्लीराज बेल्बासे (संस्थापक शेयरधनी)**

बैंकले सूचना प्रविधिमा विशेष जोड दिनुपर्ने, नयां लगानीका क्षेत्रहरुको पहिचान गरी जोखिम व्यवस्थापनमा ध्यान दिनुपर्ने, नयां सञ्चालक समिति अझ बढी कृयाशिल भई बैंकको साख जोगाउनु पर्ने धारणा व्यक्त गर्नुभयो ।

**११.४ श्री रोबर सिंह जि.सी. (संस्थापक शेयरधनी)**

प्यूठान जिल्लामा स्थापित अन्य बैंक तथा वित्तीय संस्थाहरुले ATM जडान गरेकाले यस बैंकले शाखाहरुमा ATM जडान गर्ने तर्फ पहल गर्नुपर्ने धारणा व्यक्त गर्नुभयो ।

**११.५ श्री विष्णु पौडेल (सर्वसाधारण शेयरधनी)**

आजको बैंकिङ्ग सूचना प्रविधिको रहेकाले सूचना प्रविधिमा विशेष ध्यान दिई सेवाग्राहीको माग बमोजिम तत्काल ATM जडान गर्नुपर्ने सुझाव दिनुभयो ।

**११.६ श्री अनिल श्रेष्ठ (सर्वसाधारण शेयरधनी)**

नेपाल राष्ट्र बैंकको नीति निर्देशन र नियामक निकायहरुको नियम भित्र रही बैंक सञ्चालन हुँदै आएकाले यस बैंकप्रति कुनै कैफियतहरु नरहेको, बैंकको सफल सञ्चालनमा सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत लगायत सम्पूर्ण कर्मचारीहरु धन्यवादका पात्र रहेको भनाई राख्नु भयो ।

**११.७ श्री दुजेन्द्र बस्नेत (सर्वसाधारण शेयरधनी)**

बैंकिङ्ग बजारमा आफ्नो अस्तित्व कायम राख्न सफल रही यस क्षेत्र कै स्थापित बैंक हुन सक्षम रहेको, सर्वसाधारण शेयरधनी हुन पाउँदा आफुलाई गर्व महसुस भएको, सञ्चालक समिति तथा प्रमुख कार्यकारी अधिकृतको कुशल नेतृत्वमा बैंक यस स्थानसम्म आउन सकेको, सम्पूर्ण कर्मचारी परिवार मेहनती, अनुशासित, व्यक्तिगत स्वार्थभन्दा माथी रही कार्य गर्ने गरेकाले धन्यवाद दिंदै बैंकको स्तरोन्नतीका लागि पूँजी बृद्धि गर्न बोनस शेयर वितरण, हकप्रद शेयर निष्काशन गर्दै आफ्नो नेतृत्वमा अन्य बैंक तथा वित्तीय संस्थालाई गाभ्दै लैजाने, कार्यालयको भवन निर्माण गर्दा गुणस्तरमा कुनै किसिमको सम्झौता गर्न नहुने, बैंकिङ्ग क्षेत्रमा अस्वस्थ्य प्रतिस्पर्धा रहेकाले सम्पत्तिको गुणस्तर कायम राख्दै कर्जा लगानी गर्नुपर्ने साथै आउँदो सञ्चालक समितिलाई बैंक अझ गतिशिल बनाई अगाडी बढ्न चुनौती रहेको भन्दै सफल कार्यकालको शुभकामना समेत व्यक्त गर्नुभयो ।

११.८ श्री केदार प्रसाद श्रेष्ठ (सर्वसाधारण शेयरधनी)

बैंकले केन्द्रीय कार्यालय तमघास, गुल्मीबाट बुटवलमा स्थानान्तरण गरेर राम्रो काम गरेको, भवन निर्माणका लागि जग्गा खरीद गरेकोमा खुसी लागेको, बैंकले प्रदान गर्दै आउको लाभांशदर स्वागतयोग्य रहेको साथै बैंकको उत्तरोत्तर प्रगति होस भन्ने कामना व्यक्त गर्नुभयो ।

११.९ कालिदास न्यौपाने (सर्वसाधारण शेयरधनी)

सम्पूर्ण बैंक परिवारले दत्तचित्त भई आफ्नो कर्तव्य निर्वाह गरेकाले बैंक यस उचाईमा पुग्न सफल रहेको धारणा व्यक्त गर्नुभयो ।

११.१० दिपक ज्ञवाली (सर्वसाधारण शेयरधनी)

पत्रपत्रिकाहरुमा समय समयमा अन्य बैंक तथा वित्तीय संस्थाहरुको नकारात्मक टिप्पणी आई रहेको अवस्थामा यस बैंकको उत्कृष्ट सेवा, कर्मचारीहरुले ग्राहकप्रति गर्ने व्यवहार, संस्थागत सुशासन, पारदर्शिता आदिका कारण पत्रिकाहरुमा यस बैंकको नकारात्मक समाचार प्रकाशित नभएकाले सञ्चालक समिति, प्रमुख कार्यकारी अधिकृत लगायत कर्मचारीहरु प्रति बधाई ज्ञापन गर्दछु । बैंक हरेक दृष्टिकोणबाट चुस्तदुरुस्त रहेको तर प्रत्येक बर्ष उत्कृष्ट ग्राहक छनौट गरी सम्मान गर्नुपर्ने, ATM छिटो जडान गर्नुपर्ने धारणा व्यक्त गर्दै बैंकको प्रगतिको कामना गर्नुभयो ।

११.११ श्री लोकनाथ पाण्डे (सर्वसाधारण शेयरधनी)

सम्पूर्ण बैंकिङ्ग गतिविधिको प्रशंशा गर्दै आगामी ९औं बार्षिक साधारण सभा बैंकको आफ्नै भवनमा सम्पन्न गर्नेगरी भवन निर्माणको कार्य गर्नुपर्ने धारणा व्यक्त गर्दै अगामी दिनमा बैंक राष्ट्रियस्तरको विकास बैंक हुँदै बाणिज्य बैंक बन्न सफल रहोस भन्ने शुभकामना व्यक्त गर्नुभयो ।

उल्लेखित जिज्ञासाहरु उपर बैंकका अध्यक्ष श्री थानेश्वर पौडेलज्यू तथा प्रमुख कार्यकारी अधिकृत श्री प्रकाश पौडेलज्यूले जवाफ दिनु भएको थियो ।

(१२) सभाको निर्णय

(क) साधारण प्रस्ताव

१. आ.व. २०७२/०७३ को सञ्चालक समितिको बार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

२. लेखापरीक्षकको प्रतिवेदन सहितको २०७३ साल आषाढ मसान्तको वासलात तथा सोही मितिमा समाप्त आ.व. २०७२/०७३ को नाफा नोक्सान हिसाव र सोही अवधिको नाफा नोक्सान बाँडफाँड हिसाव, नगद प्रवाह विवरण लगायतका सम्पूर्ण वित्तीय विवरणहरु छलफल गरी पारित गरियोस भनि राखेको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

३. कम्पनी ऐन, २०६३ को दफा १११ अनुसार आर्थिक बर्ष २०७३/०७४ को लेखापरीक्षण गर्न बैंकको लेखापरीक्षण समितिको सिफारिश बमोजिम एनविएसएम एण्ड एशोसियट्स, चार्टर्ड एकाउण्टेन्ट्स का पार्टनर सिए निलबहादुर सारु मगरलाई नियुक्ती गर्ने र निजको पारिश्रमिक मूल्य अभिबृद्धि कर सहित बार्षिक रकम रु. ६,२१,५००/- (अक्षरेपी छ लाख एक्काईस हजार पाँच सय रुपैया मात्र) भुक्तानी गर्नेगरी नियुक्त गर्न गरिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

४. बैंकको कम्पनी ऐन, २०६३ को दफा ८६, ८७, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०६३ को दफा १२ (१), बैंकको नियमावलीको नियम ३१ (क) (ख) र सञ्चालक निर्वाचन निर्देशिका, २०६८ को दफा ४१, ४२ बमोजिम सञ्चालक समितिमा संस्थापक शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने "क" समूहवाट ५ जना र सर्वसाधारण शेयरधनीहरुको तर्फवाट प्रतिनिधित्व गर्ने "ख" समूहवाट ३ जना सञ्चालकहरुको निर्वाचन सम्पन्न भई निर्वाचन अधिकृत श्री विनोद गौतम ज्यूले आगामी ४ (चार) बर्षका लागि तपसिल बमोजिमका शेयरधनीहरु निर्विरोध निर्वाचित भएको घोषणा गर्नुभयो भने उक्त घोषणालाई सभाले सर्वसम्मतीले पारित गऱ्यो ।

| क.सं. | नाम | समूह |
|---|---|---|
| १. | श्री राजेन्द्र प्रसाद श्रेष्ठ | संस्थापक |
| २. | श्री भुवन भण्डारी | संस्थापक |
| ३. | श्री कृष्ण प्रसाद भण्डारी | संस्थापक |
| ४. | श्री डा. तारा प्रसाद उपाध्याय (ज्ञवाली) | संस्थापक |
| ५. | श्री मेघराज कक्षपति | संस्थापक |
| ६. | श्री मोहन चापागाई | सर्वसाधारण |
| ७. | श्री डिल्लीराज भुसाल | सर्वसाधारण |
| ८. | श्री गोपालप्रसाद पाण्डे | सर्वसाधारण |

(ख) विशेष प्रस्ताव

१. आर्थिक बर्ष २०७२/०७३ को लागि सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम चुक्ता पूँजीको २७ प्रतिशतले हुने रु. २३,४४,७३,२०८/- (अक्षरेपी तेईस करोड चवालिस लाख त्रिहत्तर हजार दुई सय आठ मात्र) बराबरको बोनश शेयर वितरण गर्ने प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

२. विकास बैंकको अधिकृत, जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने ।

बैंकले अधिकृत, जारी तथा चुक्ता पूंजी बृद्धि गर्ने र सोही बमोजिम प्रबन्धपत्रमा संशोधन गर्ने सम्बन्धी राखेको प्रस्ताव सभाबाट देहाय बमोजिम हुने गरि सर्वसम्मतीले पारित गरियो ।

दफा ६ : विकास बैंकको पूँजी संरचना

(क) विकास बैंकको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (दुई अर्ब पचास करोड रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) विकास बैंकले जारी पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्ब दश करोड अट्ठाईस लाख बयानब्बे हजार तीन सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाईस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) विकास बैंकले चुक्ता पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्ब दश करोड अट्ठाईस लाख बयानब्बे हजार तीन सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाईस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

३. प्रवन्ध-पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव पारित गर्ने ।

प्रवन्ध-पत्र तथा नियमावली संशोधन सम्बन्धी विशेष प्रस्ताव देहाय बमोजिम हुने गरि सर्वसम्मत रुपमा पारित गरियो ।

**प्रवन्धपत्रको संशोधन तर्फ**

**दफा ५ विकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**

(छ) हटाइएको ।

(कक) मुनाफा आर्जन गर्ने (थप गरिएको) ।

**दफा ६ : विकास बैंकको पूँजी संरचना**

(क) विकास बैंकको अधिकृत पूँजी रु. २,५०,००,००,०००/- (दुई अर्ब पचास करोड रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) विकास बैंकले जारी पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्ब दश करोड अट्ठाईस लाख बयानब्बे हजार तीन सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाईस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) विकास बैंकले चुक्ता पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्ब दश करोड अट्ठाईस लाख बयानब्बे हजार तीन सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाईस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

**नियमावली संशोधन तर्फ**

**नियम १३** **शेयर प्रमाणपत्र** : विकास बैंकले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक वा कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाको दस्तखत रहनेछ ।

४. बैंकको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्न तथा संशोधनको स्वीकृति लिंदा वा अभिलेख गर्दा गराउंदा केही सामान्य हेरफेर गर्न, संशोधन सम्बन्धी कागजात प्रमाणित गर्न लगायतका कार्यहरु गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने सम्बन्धी प्रस्ताव पारित गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

५. शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड र अन्य बैंक तथा वित्तीय संस्था (हरु) एक आपसमा गाभ्ने/गाभिने (मर्जर) तथा प्राप्ती/समाहित (एक्वजिशन) संग सम्बन्धित आवश्यक कार्य गर्नका लागि सञ्चालक समितिलाई अख्तियार दिने सम्बन्धी विशेष प्रस्ताव पारित गरियोस भनि राखिएको प्रस्ताव सभाबाट सर्वसम्मतीले पारित गरियो ।

(ग) **विविध** : विविध अन्तर्गत छलफल गरि पारित गर्नका लागी कुनै विषयवस्तु नरहेको ।

(१३) **धन्यबाद ज्ञापन तथा सभा विसर्जन**

सभामा उपस्थित सम्पूर्ण शेयरधनी महानुभावहरुलाई सञ्चालक समितिबाट प्रस्तावित प्रस्तावहरुलाई सर्वसम्मतीले पारित गरिदिनु भएकोमा सम्पूर्ण शेयरधनी महानुभावहरुलाई अध्यक्षज्यूले हार्दिक धन्यवाद ज्ञापन गर्नुभयो । साथै, सभालाई सफलताका साथ सम्पन्न गर्न सहयोग पुऱ्याउनु हुने सम्पूर्ण शेयरधनी महानुभावहरु, नेपाल राष्ट्र बैंक, कम्पनी रजिष्ट्रारको कार्यालय, नेपाल धितोपत्र बोर्ड, नेपाल स्टक एक्सचेञ्ज लिमिटेड, सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेड, लेखापरीक्षक, शेयर रजिष्ट्रार, कानूनी सल्लाहकार, निर्वाचन अधिकृत, सञ्चालक साथीहरु, बैंकका कर्मचारीहरु लगायत सम्बद्ध सबैप्रति हार्दिक आभार प्रकट गर्दै अध्यक्षज्यूले अपरान्ह २ : १५ बजे सभा विसर्जन भएको घोषणा गर्नुभयो ।

..................
प्रकाश पौडेल
प्रमुख कार्यकारी अधिकृत तथा कम्पनी सचिव

..................
थानेश्वर पौडेल
अध्यक्ष (सञ्चालक समिति)

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## प्रवन्ध-पत्रमा भएको संशोधन

प्रवन्ध-पत्र तर्फ

दफा ५ बिकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु

(छ) हटाइएको ।

(कक) मुनाफा आर्जन गर्ने ।

दफा ६ विकास बैंकको पूँजी संरचना

(क) बिकास बैंकको अधिकृत पूँजी रु. २,५०,००,०००/- (दुई अर्ब पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ख) विकास बैंकको जारी गर्ने शेयर पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्व दश करोड अठाइस लाख बयानब्बे हजार तीन सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाइस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

(ग) विकास बैंकको चुक्ता पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्व दश करोड अट्ठाइस लाख बयानब्बे हजार तीन सय रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाइस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ ।

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## प्रवन्ध-पत्रमा गरिएको संशोधन तथा थप (तीन महले)

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको औचित्य |
|---|---|---|
| **दफा ५ : बिकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**<br>(छ) राष्ट्र बैंकले दिएको निर्देशनको अधिनमा रही मर्चेण्ट बैंकिङ्ग कारोवार गर्ने । | **दफा ५ : बिकास बैंकको उद्देश्य प्राप्त गर्न गरिने कामहरु**<br>**(छ)** हटाइएको । | धितोपत्र ऐन, २०६३ बमोजिम संशोधन गर्न आवश्यक भएकोले । |
| (कक) हाल नरहेको । | **(कक)** मुनाफा आर्जन गर्ने । | बैंक नाफामुलक कम्पनी भएकाले थप गर्न आवश्यक भएकोले । |
| **दफा ६ : बैंकको पूँजीको संरचना** | **दफा ६ : बैंकको पूँजीको संरचना** | |
| (क) बिकास बैंकको अधिकृत पूँजी रु. १,२०,००,००,०००/- (एक अर्व बिस करोड रुपैंया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,२०,००,००० (एक करोड बिस लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | **(क)** बिकास बैंकको अधिकृत पूँजी रु. २,५०,००,०००/- (दुई अर्व पचास करोड मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले २,५०,००,००० (दुई करोड पचास लाख) थान साधारण शेयरमा विभाजन गरिएको छ । | राष्ट्रियस्तरको विकास बैंकको लागी पुरयाउनु पर्ने न्यूनतम पूंजी भएकाले । |
| **(ख)** विकास बैंकले जारी शेयर पूँजी रु. ८६,८४,१९,०९२/- (छयासी करोड चौरासी लाख उन्नाइस हजार बयानब्बे रुपैंया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ८६,८४,१९०.९२ (छयासी लाख चौरासी हजार एक सय नब्बे दशमलव बयानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ । | **(ख)** विकास बैंकको जारी गर्ने शेयर पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्व दश करोड अठाइस लाख बयानब्बे हजार तीन सय रुपैंया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाइस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | बोनश शेयर वितरण पश्चात चुक्ता पूँजी बृद्धि हुने हुँदा संशोधन आवश्यक भएको । |
| **(ग)** विकास बैंकको चुक्ता पूँजी रु. ८६,८४,१९,०९२/- (छयासी करोड चौरासी लाख उन्नाईस हजार बयानब्बे रुपैया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले ८६,८४,१९०.९२ (छयासी लाख चौरासी हजार एक सय नब्बे दशमलव बयानब्बे) थान साधारण शेयरमा विभाजन गरिएको छ । | **(ग)** विकास बैंकको चुक्ता पूँजी रु. १,१०,२८,९२,३००/- (एक अर्व दश करोड अट्ठाइस लाख बयानब्बे हजार तीन सय रुपैंया मात्र) हुनेछ । सो पूँजीलाई प्रति शेयर रु. १००/- दरले १,१०,२८,९२३ (एक करोड दश लाख अट्ठाइस हजार नौ सय तेइस) थान साधारण शेयरमा विभाजन गरिएको छ । | |

## शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

### नियमावलीमा भएको संशोधन

नियमावली तर्फ

नियम २ **शेयर प्रमाणपत्र :**

विकास बैंकले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक वा कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाको दस्तखत रहने छ ।

# शाइन रेसुङ्गा डेभलपमेण्ट बैंक लिमिटेड

## नियमावलीमा गरिएको संशोधन तथा थप (तीन महले)

| हालको व्यवस्था | प्रस्तावित व्यवस्था | संशोधन गर्नुको औचित्य |
|---|---|---|
| **नियम १३ शेयर प्रमाणपत्र** : विकास बैंकले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक वा विकास बैंकको कार्यकारी प्रमुख मध्ये एक र विकास बैंकको सचिवले दस्तखत गर्ने छ । | **नियम १३ शेयर प्रमाणपत्र** : विकास बैंकले जारी गर्ने शेयरको प्रमाणपत्रमा सञ्चालक वा कार्यकारी प्रमुख वा कम्पनी सचिव मध्ये कुनै दुई जनाको दस्तखत रहने छ । | कम्पनी ऐन २०६३ बमोजिम संशोधन गर्न आवश्यक रहेकोले । |